ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १४३

१४ फागुन २०७९ आइतवार

25 Feb. 2023, Sunday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## भन्सार छुट तथा सहयोगको एम्बुलेन्स खरिदबिक्री र ठेक्कामा




**विजय साह**

**फागुन १३ गते, ढल्केवर**

धनुषामा गैरकानुनी ढङ्गले एम्बुलेन्स खरिद-बिक्री र ठेक्कामा लगाउने कारोबार फस्टाएको छ। यहाँका अधिकांश संस्थाले एम्बुलेन्सलाई कमाइ खाने भाँडो बनाएका छन्। राजस्व छुट वा सहयोगमा प्राप्त एम्बुलेन्स मासिक १० देखि ३० हजार रुपियाँमा भाडामा लगाएका छन् भने १० देखि १६ लाख रुपियाँमा खरिद-बिक्री हुने गरेको बताइएको छ।

नेपाल सरकारद्वारा भन्सार छुट तथा पूर्ण अनुदानमा प्राप्त एम्बुलेन्स खरिद-बिक्री र ठेक्कामा लगाउन पाइँदैन। घाइते वा बिरामीलाई सहज रूपमा सेवा प्रदान गर्ने उद्देश्यले सञ्चालनमा ल्याइएका एम्बुलेन्स तोकिएको ठाउँभन्दा बाहिर चलाउन नपाइने नियम राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ मा उल्लेख छ।

जिल्लाको बटेश्वर गाउँपालिका बटेश्वरस्थित मानव कल्याण संस्थाको नाउँमा रहेको ज. १ च. १७२० नम्बरको एम्बुलेन्स जनकपुरको रजौल घरका भएका मनोज यादवलाई १३ लाख रुपियाँमा बिक्री गरिएको छ। एम्बुलेन्स चालकसमेत रहेका यादवले खरिद नगरी मासिक भाडामा एम्बुलेन्स चलाइरहेको स्वीकार गर्नुभयो।

नेपाल शिक्षक सङ्घ धनुषाको नाउँमा रहेको ज. १ च. १२२७ नम्बरको एम्बुलेन्स जनकपुरकै महेश दासलाई मासिक २५ हजार रुपियाँ भाडामा दिइएको छ। यता दासले आफू आफ्नै एम्बुलेन्स चलाइरहेको प्रतिक्रिया दिनुभयो। उहाँले चिनजानका एक साथीको सम्पर्कमा दुई-तीनवटा एम्बुलेन्स बिक्रीमा रहेको बताउँदै खरिद-बिक्रीका लागि उहाँसँगै सम्पर्क गर्नुपर्ने भन्नुभयो।

सम्बन्धित निकायले अनुगमन तथा कारबाही चलाउन सक्रियता नदेखाएका कारण यहाँका विभिन्न सङ्घसंस्थाले राजस्व छुट तथा भारतीय दूतावासलगायत अन्य निकायबाट सहयोगमा पाएको एम्बुलेन्स व्यक्तिगत मुनाफाका लागि बेच्ने र ठेक्कमा लगाउने गरेको एक एम्बुलेन्स चालकले नै बताउनुभयो।

उहाँका अनुसार जनकपुरधामबाट सञ्चालित ८० प्रतिशत एम्बुलेन्स बिक्री र भाडाकै छ। अर्को कुरा जुन ठाउँबाट सेवा प्रदान गर्ने भनेर एम्बुलेन्स ल्याइएको हुन्छ त्यही ठाउँमा राख्नुपर्छ तर यहाँ भित्री ग्रामीण क्षेत्रको सङ्घसंस्थाको नाउँमा सञ्चालित एम्बुलेन्स जनकपुर धामस्थित प्रादेशिक अस्पताल नजिक र बारहबिघा मैदानमा राखिएको हुन्छ। जसले गर्दा भित्री ग्रामीण क्षेत्रका घाइते तथा बिरामी एम्बुलेन्स सुविधाबाट बञ्चितसमेत हुँदै आएको छ, ति एम्बुलेन्स चालकले भन्नुभयो।

अनुदान छुट तथा सहयोगमा प्राप्त एम्बुलेन्स कानुनी रूपमा खरिद-बिक्री गर्न नपाउने नियम रहेकाले मौखिक रूपमै भाडा र खरिद-बिक्री हुने गरेको अर्का एम्बुलेन्स चालकले बताउनुभयो। एम्बुलेन्स चालक सङ्घ धनुषाका अध्यक्ष अरमान साहले यस जिल्लाबाट ९९ वटा एम्बुलेन्स सञ्चालनमा रहेको बताउनुभयो। भाडा र बिक्रीको एम्बुलेन्स सञ्चालनमा रहेको बारे आफूलाई थाहा नभएको बताउँदै उहाँले त्यस्तो भएको प्रमाण पेस गरेको खण्डमा कारबाहीका लागि सिफारिस गरिने जानकारी दिनुभयो।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले यस विषयमा अनुसन्धान गरिने बताउनुभयो। जिल्ला एम्बुलेन्स सञ्चालक समितिका अध्यक्षसमेत रहनुभएका उहाँले आफू केही दिनअघि मात्र प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हालेको बताउनुहुँदै गैर कानुनी तवरले एम्बुलेन्स खरिद-बिक्री भएको पाइए कानुनबमोजिम कारबाही प्रक्रिया चलाउने जानकारी दिनुभयो।

## मोटरसाइकल दुर्घटनामा परी एकको मृत्यु , ३ घाइते

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, महेन्द्रनगर**

धनुषामा मोटरसाइकल दुर्घटनामा परी एकजनाको मृत्यु भएको छ भने ३ जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जनाए अनुसार मृत्यु हुनेमा सबैला नगरपालिका अमरखाना बस्ने चन्देश्वर यादवका २३ वर्षीय छोरा अजय कुमार यादव रहेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी वेद प्रसाद गौतमले दुई मोटर साइकल एक आपसमा ठोक्किदा दुर्घटना भएको जानकारी दिनुभयो । उहाँले विपरित दिशाबाट आइरहेको एउटा मोटरसाइलले अर्को मोटर साइकललाई ठक्कर दिंदा भएको दुर्घटनामा युवकको घटनास्थलमै मृत्यु भएको बताउनुभयो ।

सबैला नगरपालिका-९ कुशमाहा सतोषर र गेरुवाहिको बीचमा रहेको परिक्रमा सडकखण्डमा दुईवटा मोटरसाइकल एक आपसमा ठोक्किदा मोटरसाइकलमा सवार युवकको घटनास्थल मृत्यु भएको हो ।

दुर्घटनामा परी एकजनाको खुट्टा पूणर्रुपमा फ्याक्चर भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

शनिबार साँझ भएको उक्त दुर्घटनामा सबैला नगरपालिका-७ चौरियामटहि बस्ने जितु ठाकुर बरहि र सोहि नगरपालिका वडा नम्बर-५ मखनाहा बस्ने २२ वर्षीय सुरज मण्डलको अवस्था गम्भिर रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी घाइते भएका सबैला नगरपालिका-१० बस्ने २५ वर्षीय मनोज यादव र २४ वर्षीय रविन्द्र मण्डलको अवस्था भने सामान्य रहेको छ ।

## नेपालीको सम्मानमा कुनै कसर बाँकी नराख्नुहोस् : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, जनकपुर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी राजेश्वर नेपालीको सम्मानमा कुनै कसर बाँकी नराख्ने बताउनुभयो।

शनिबार वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता सेनानी नेपालीलाई भेट्न उहाँको निवास जनकपुरधाम वडा नम्बर २३ बेला पुग्नु मुख्यमन्त्री यादवले यस्तो बताउनुभएको हो।



मुख्यमन्त्री यादवका साथमा प्रदेश सांसद रामअशिष यादव र दीपेन्द्र ठाकुरले नेपालीको योगदानलाई मरणोपरान्त भन्दा पनि अहिले नै स्मरण गरेर सम्मान गर्दा मधेशकै हितमा हुने र परिवर्तनकारी दलहरू प्रति जनताको सद्भाव पनि बढ्ने बताउनुभयो।

सांसदले वरिष्ठ पत्रकार तथा प्रेस स्वतन्त्रता तथा प्रजातन्त्र सेनानी राजेश्वर नेपालीलाई मधेश रत्न घोषणा र उहाँको नाममा ट्रस्ट स्थापना गर्न मधेशका मुख्यमन्त्री सरोज कुमार यादवसँग माग गरेका छन्।

क्यान्सर रोगलाई जिते पनि नेपाली हाल प्रजातन्त्रको स्थापनामा भएको जेल र हिरासतको यातनाका कारण उहाँ मेरुदण्डको समस्याले थला पर्नु भएको छ। घरमै राखेर उहाँको उपचार भइरहेको छ।

यसअघि नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले उहाँलाई भेट्नु भएको थियो।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय ..............

# युवा पलायन रोकिनुपर्छ

नेपाली श्रम बजारमा बर्सेनि लाखौँ युवा प्रवेश गरिरहेका हुन्छन् । तथ्याङ्कले शिक्षित युवाको सङ्ख्या धेरै मात्रामा रहेको देखिन्छ। सरकारले अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गरेपछि विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या क्रमशः उकालो लाग्दै गएको छ । विडम्बना हाम्रो शिक्षा प्रणालीको त्रुटिका कारण श्रम बजारमा पुगेका युवा के गर्ने भन्ने अलमल परिराखेको देखिन्छ। यही अलमलका बीचमा लाखौँ युवाले वैदेशिक यात्रालाई उज्यालो भविष्यको गतिलो गन्तव्यका रूपमा देख्न थालेका छन् । युवा पलायनको पछिल्लो अवस्था डरलाग्दो मात्रै होइन भयावह नै छ। 'नेपालमा बसेर के गर्नु रोजगार नै पाइँदैन' हरेक युवाका लागि यो नै मानक बोली बन्दै गएको देखिन्छ । जुन नेपालको भविष्यका लागि घातक सिद्ध हुने देखिन्छ ।

युवाले नेपालमा सम्भावना नदेख्नुका पछाडि कैयौँ जिम्मेवार हुन सक्लान् । यसका बारेमा अनेकानेक तर्क गर्न सकिएला तर शैक्षिक दृष्टिले भने व्यावहारिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न नसक्नु नै गम्भीर त्रुटि हो । हामीलाई दिमागमा योजना र ठूला ठूला कुरा बोकेको युवा मात्रै चाहिएको होइन, देशलाई आत्मनिर्भर बनाउनका लागि केही न केही सीप र क्षमता भएको अनि आफ्नो क्षमतालाई आफ्नै माटो मलिलो बनाउनका लागि मेहनत गर्ने युवा चाहिएको हो । हामीलाई रोजगारका लागि बायोडाटा बोकेर अनेक कार्यालयमा तारिख धाउने युवाभन्दा पनि आफैँले केही गरेर उद्यमशील बन्ने र अरूलाई समेत रोजगारी सिर्जना गर्न सक्ने युवा चाहिएको हो ।

हामीलाई चाहिएको एकातिर छ अनि हाम्रो उत्पादन भने अर्कोतिर छ । यसैको परिणति देशमै केही गर्छु भन्ने युवा सुटकेसमा डिप्रेसन बोकेर विदेश उडिरहेका छन् ।हाम्रो शिक्षा प्रणालीमा भएको एउटा त्रुटिले सिङ्गो देशलाई युवाविहीन मात्रै बनाउँदै छैन हरेक नेपाली युवालाई नेपालमा गरीखान केही छैन भन्ने सन्देश प्रवाह भएको छ । त्रुटि एक तर यसको प्रभाव अनेक भएका कारण नेपाली शिक्षा प्रणालीमा केही न केही सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ । व्यावहारिक शिक्षा आजको अनिवार्य मात्रै होइन अपरिहार्य आवश्यकता भएको छ । यसका लागि नेपालको शिक्षा प्रणालीमा केही परिवर्तन आउनुपर्ने देखिन्छ ।

# राष्ट्रपति निर्वाचनको बहस

- शिवकुमार भट्टराई

वर्तमान सत्ता समीकरणका प्रमुख सूत्रधार नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले सशस्त्र सङ्घर्ष सुरु भएको फागुन १ गतेलाई 'हिंसा दिवस'को संज्ञा दिनुभएको छ । हिजो आफ्नै निवासमा आयोजित एक कार्यक्रममा ओलीले फागुन १ गतेलाई 'जनयुद्ध दिवस'का रूपमा मनाइएकोमा आपत्ति पनि प्रकट गर्नुभएको छ । यो निर्णय नेकपा माओवादी केन्द्रले गरेको नभई नेपाल सरकारले गरेको हो । रमाइलो चाहिँ के हो भने - सरकारमा नेकपा एमालेका मन्त्रीहरूसमेत सहभागी हुनुहुन्छ। एमाले मन्त्रीहरूको समेत सहमति र समर्थनमा उक्त निर्णय भएको थियो। बरु राष्ट्रिय प्रजातन्त्र पार्टीले भने उक्त दिनको मन्त्रिपरिषद् बैठकमा आफ्ना मन्त्रीहरूलाई पठाएन । एमालेको समेत सहमतिमा भएको उक्त निर्णयको विरोध अहिले दुई सातापछि गरियो ।

एमाले अध्यक्ष ओलीले यतिका दिन यसबारे किन मौनता साँध्नुभयो ? प्रश्न उठ्न सक्छ। उहाँले आफ्नो जन्मदिनका अवसरमा आयोजित कार्यक्रममा असन्तुष्टि त पोख्नुभयो तर त्यसको राजनीतिक अर्थ भने अरूले पनि लगाउन सक्छन् भनेर हेक्का राख्नु भएन। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पुस १० गतेको सहमतिविपरीत राष्ट्रिय सहमतिका पक्षमा वातावरण तयार गर्न थाल्नुभएको दाबी गर्दै ओलीको पारो चढेको बुझ्न कठिन छैन । एमाले उम्मेदवार सहजै राष्ट्रपतिमा नचुनिने लगभग निश्चित भएकैले गर्दा ओलीका यस्ता अभिव्यक्ति सार्वजनिक भएका हुन् । त्यति त लाटाले समेत बुझ्ने अवस्था छ । पुस २६ गते प्रतिनिधि सभामा विश्वासको मत दिने क्रममा सम्बोधन गर्दै ओलीले भन्नुभएको थियो, नेपाली कांग्रेसले पनि प्रधानमन्त्रीलाई समर्थन गरेपछि सरकार राष्ट्रिय सहमतिको भयो । साथै उहाँले राष्ट्रपतिमा ढोक्सा नथाप्न पनि कांग्रेसलाई चेतावनी दिनुभएको थियो। एकातिर राष्ट्रिय सहमतिको वातावरण बनेको पनि भन्ने अर्कातिर राष्ट्रपतिमा ढोक्सा नथाप्न कांग्रेसलाई व्यङ्ग्य पनि गर्ने दोहोरो मापदण्ड अपनाइयो । राष्ट्रिय सहमतिका लागि कांग्रेसको मतको अर्थ हुन्छ भने राष्ट्रपतिका लागि कांग्रेसको दाबेदारी पनि स्वाभाविकै मान्नुपर्छ । त्यसलाई ढोक्सा थापेको कोणबाट बुझ्नु गलत हुन सक्छ।

सहमतिकै आधारमा चल्ने हो भने प्रधानमन्त्री माओवादीको र सभामुख नेकपा एमालेको भएपछि राष्ट्रपति कांग्रेसलाई दिँदा के बिग्रन्छ ? त्यसो नभए ओलीले भन्नुभएजस्तै अहिलेको प्रतिनिधि सभाको आयु पनि कति हो भन्न मुस्किल छ। राष्ट्रपति पद पाउनका लागि एमालेबाट प्रदर्शित प्रहसनले अन्तर्राष्ट्रिय जगत्मा समेत चर्चा पाउन थालेको छ । प्रधानमन्त्री प्रचण्डलाई राष्ट्रिय सहमति जुटाउन कांग्रेसको मतले बल दिएको सन्देश सर्वत्र पु-याउन पनि विरोध गर्न नहुने हो । किनभने प्रतिनिधि सभामा सबैभन्दा ठूलो दलको हैसियतले कांग्रेसलाई राष्ट्रपति दिँदा राम्रो सन्देश प्रवाहित हुनेछ ।

राजनीतिमा जे पनि सम्भव हुन्छ भन्ने भाष्यलाई एमाले अध्यक्ष ओलीले नै बेलाबेलामा अभ्यास गरी स्थापित गर्दै आउनुभएको छ । त्यसैको पछिल्लो शृङ्खलाका रूपमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई राष्ट्रपति बनाउने चर्चालाई लिन सकिन्छ । एमाले उम्मेदवारलाई राष्ट्रपति नबनाउने प्रचण्डको अडानकै कारण ओलीले नयाँ प्रयोग गर्न खोज्नुभएको छ । हिजोसम्म नेता नेपालको उछितो काढ्न तम्सनुहुने ओलीले नै नेपाललाई राष्ट्रपतिको प्रस्ताव गर्नुभएको बजार हल्ला छ। यद्यपि यसबारे नेता नेपालले ठोस रूपमा त्यसको पुष्टि गर्नुभएको छैन। चार घण्टासम्म छलफल भएको चाहिँ नेता नेपालले पोलिटब्युरो बैठकमा सुनाउनुभएको समाचार सार्वजनिक भएका छन् ।

बरु नेता नेपालले सर्वस्वीकार्य राष्ट्रपतिका रूपमा आफूलाई प्रस्तावित गरिए मात्रै तयार भएको बताउनुभएको छ। उहाँले पदलोलुप भएको सन्देश दिने गरी आफू राष्ट्रपतिको उम्मेदवार नहुने पनि प्रस्ट पार्नुभएको छ । राजनीतिक घटनाक्रमले निरन्तर नयाँ गति लिइरहेको छ । फागुन १३ गते राष्ट्रपति निर्वाचनका लागि मनोनयन पत्र दर्ता नभएसम्म सबै खाले हल्ला र प्रयोगको सम्भावना रहन्छ नै । पछिल्लो अवस्था हेर्दा प्रधानमन्त्री प्रचण्डले भन्नुभएजस्तै राष्ट्रिय सहमतिकै स्वरूपले आकार ग्रहण गर्नेतिर परिस्थिति अघि बढेको छ ।

पुस २६ गते कांग्रेसले समेत प्रचण्ड नेतृत्व सरकारलाई विश्वासको मत दिएपछि विभिन्न अड्कलबाजी हुँदै आएका थिए । प्रतिनिधि सभामा दुई जनाबाहेक लगभग सबैको समर्थन पाएको प्रचण्ड नेतृत्वको सरकारको दायित्व र जिम्मेवारी पनि थपिएको अड्कल त्यतिबेलै गरिएको थियो । विश्वासको मत दिने कांग्रेसलाई कस्तो व्यवहार गर्ने ? के राष्ट्रिय राजनीतिबाट उसलाई बाहिर धकेल्ने ? यस्ता गम्भीर विषयमा प्रधानमन्त्रीका नाताले प्रचण्डले सोच्नु अन्यथा होइन। राष्ट्रिय सहमतिको वातावरण तयार गर्ने क्रममा कांग्रेसप्रति उचित व्यवहार गर्नु हरेक दृष्टिले न्यायोचित देखिन्छ । कांग्रेस गत निर्वाचनमा सबैभन्दा बढी सिट जित्ने दल पनि हो । स्वाभाविक रूपमा शक्ति बाँडफाँटमा कांग्रेसको समेत हक लाग्छ।

गत पुस १० गते कांग्रेस नेतृत्वले प्रधानमन्त्री पदमै अड्डी लिएकाले मात्रै गठबन्धन फेरिएको थियो । कांग्रेसले आफ्नो कमजोरी सुधार्ने प्रतिबद्धता देखाएको प्रतीत हुन्छ । त्यसैले पुस २६ मा प्रधानमन्त्रीलाई विश्वासको मत दिएको हुनुपर्छ । फलतः राजनीतिले कोर्स परिवर्तन गरेको छ । कांग्रेस अब राष्ट्रपति पद लिएर सत्ताको भ-याङ उक्लिन चाहन्छ । विगतको पाँच दलीय गठबन्धन ब्युँताउने प्रयासमा कांग्रेस लागेको प्रतीत हुन्छ। यद्यपि यसले ठोस आकार भने लिइसकेको देखिँदैन । यसलाई प्रधानमन्त्री प्रचण्डले पनि सकारात्मक रूपमा लिनुभएको खबर बाहिर आएका छन् ।

राष्ट्रपतिमा कसलाई उम्मेदवार बनाउने भन्ने विषयमा कांग्रेसभित्र घनीभूत छलफल भइरहेको छ । सम्भवतः आज साँझसम्म त्यसको निर्क्योल लागिसक्ला । कांग्रेस, माओवादी र नेकपा एस पनि पुरानो गठबन्धनप्रति सकारात्मक रहेको बुझिन्छ। यसका लागि केही तयारी अझै बाँकी होला। विगतका कमीकमजोरी नदोहोरिने गरी नेताहरूले संस्थागत रूपमै सहमति गर्न खोजेको बुझिएको छ। त्यसका लागि गृहकार्य भइरहेको देखिन्छ । कांग्रेसमा राष्ट्रपतिका लागि कसलाई उम्मेदवार बनाउँदा उचित होला भन्ने विषयमा पनि आन्तरिक छलफल जारी रहेको छ ।

कतिपयले त कांग्रेसभित्र सभापति शेरबहादुर देउवालाई नै राष्ट्रपति बनाउनुपर्ने राय दिएका छन् । देउवाले भने वरिष्ठ नेता रामचन्द्र पौडेललाई यसअघि नै वचन दिइसक्नुभएको हल्ला छ । केही समयअघि भएको पदाधिकारी बैठकमै देउवाले पौडेल वा कृष्ण सिटौलामध्ये एक जनालाई उम्मेदवार बनाउने सङ्केत गर्नुभएको थियो तर अझै यसले मूर्तता पाउन सकेको देखिँदैन। अब भने यसबारे अन्तिम निर्णय लिनैपर्ने अवस्था छ । किनभने भोलिका लागि त मनोनयन पत्र दर्ता नै गर्नुपर्ने मिति तय गरिएको छ ।

राष्ट्रपतिमा एमाले उम्मेदारलाई बिनासर्त समर्थन नगर्ने माओवादीले सङ्केत गरेपछि राजनीतिक दलहरूबीच शृङ्खलाबद्ध छलफल चलेका छन्। विगत केही दिनयता दलका नेताहरूबीच भएका छलफल र संवादले राष्ट्रपति पदप्रतिको आकर्षण र चाह झल्किन्छ ।

गोरखापत्रबाट

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# राष्ट्रपतिमा दुई पूर्वसभामुखको प्रतिस्पर्धा

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, काठमाडौं**

राष्ट्रपतिमा दुई पूर्व सभामुखबीच प्रतिस्पर्धा हुने भएको छ । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङले शनिबार संघीय संसद भवन स्थित राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन कार्यालयमा गई मनोनयन दर्ता गराएका हुन् ।



पौडेलको प्रस्तावकमा कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जनता समाजवादी पार्टीका नेता अशोक राई र जनमत पार्टीका नेता अब्दुल खाँ रहेका छन् ।

त्यस्तै समर्थकमा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डे रहेका छन् । पौडेललाई नेपाली कांग्रेससँगै नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ।

राष्ट्रपतिमा उम्मेदवारी दर्ता गरेपछि पौडेलले चुनाव हुने दिन २५ फागुनसम्म आफूलाई एमालेले पनि समर्थन गर्ने विश्वास व्यक्त गरे । 'एमाले अध्यक्ष पनि म सँगै जेल बस्नुभएको हो, पुरानो साथी हो, यो पदलाई राष्ट्रको साझा पद बनाउन उहाँले योगदान गर्नुहोला भन्ने अपेक्षा गरेको छु' उम्मेदवारी मनोनयन दर्तापछि उनले पत्रकारहरुसँग भने ।

नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङको प्रस्तावकमा अध्यक्ष एवं संसदीय दलका नेता केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, गोकर्ण विष्ट, रघुवीर महासेठ र छविलाल विश्वकर्मा रहेका छन् । समर्थकमा एमालेकै नेताहरु योगेश भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो, दिलकुमारी थापा (रावल) र अमनकुमार मास्के रहेका छन् ।

उम्मेदवारी दर्तापछि नेता नेम्वाङले पनि आफू नै राष्ट्रिय सहमतिको उम्मेदवार बन्न सक्ने बताए । विगतमा संविधानसभामा ३१ दलको सर्वसम्मत अध्यक्ष भएर संविधान जारी गर्न भूमिका खेलेको र त्यही संविधानको संरक्षक हुने अवसरका लागि हिँडेको भन्दै उनले भने, 'राष्ट्रिय सहमति मेरो हकमा पनि हुनसक्छ ।'

**दुवैको समानता - शालीनता**

राष्ट्रपतिका दुवै उम्मेदवार पूर्व सभामुख हुन् । रामचन्द्र पौडेल २०५१ साल पुस ३ गतेदेखि २०५५ साल चैत ९ गतेसम्म सभामुख थिए। सुवासचन्द्र नेम्वाङले २०६५ साउन १२ देखि २०६९ साल जेठ १४ गतेसम्म पहिलो कार्यकाल संसदको नेतृत्व गरेका थिए । २०७० फागुन ६ गतेदेखि २०७२ साल असोज २७ गतेसम्म दोस्रो कार्यकाल सभामुख भएर संसदको नेतृत्व गरेका थिए । दुबै संविधानसभामा पनि उनले संविधानसभा अध्यक्षको भूमिका निर्वाह गरे ।

कांग्रेस उम्मेदवार पौडेललाई सरकारको नेतृत्वकर्ता दल माओवादी केन्द्रसहित ८ दलको साथ छ । उनी आवद्ध नेपाली कांग्रेसका साथै माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाको साथ छ ।

एमाले उम्मेदवार नेम्वाङको समर्थनमा अरु कुनै पनि दल खुलेका छैनन् । एमाले नेताहरुले भने १० पुसमा भएको सहमतिअनुसार नै नेम्बाङलाई उम्मेदवार बनाएकाले त्यो बेला एक ठाउँमा भएका दलहरुको समर्थन पाउने विश्वास व्यक्त गरेका छन् ।

राष्ट्रपतिका दुवै उम्मेदवार नेपाली राजनीतिमा लामो समयदेखि रहेका र खारिएका नेता हुन् । दुवै नेता संसदीय राजनीतिबारे दख्खल राख्ने नेता पनि हुन् । दुवै नेताको समानता शालीनता पनि हो ।

उमेरले रामचन्द्र पौडेल जेठा हुन् । २००१ असोज २९ गते तनहुँको मिर्लुङ, बाहुनपोखरामा मध्यमवर्गीय किसान परिवारमा जन्मिएका पौडेल हाल काठमाडौंको बोहोराटारमा बस्दै आएका छन् । उनी नेपाली साहित्य, शास्त्री (संस्कृत) मा स्नाताकोत्तर हुन् ।

सुवास नेम्बाङ २००९ साल फागुन २८ गते इलामको सुन्तलाबारीमा जन्मिएका हुन् । हाल काठमाडौंको बालुवाटारमा बस्दै आएका नेम्बाङ कानुनका प्राध्यापकसमेत थिए । प्रध्यापन, कानुन व्यवसाय र राजनीतिलाई एकसाथ अघि बढाएका उनी कुनै बेला प्राध्यापक संघमा पनि सक्रिय थिए । नेपाल बार एसोसिएसनको महासचिव पनि भए ।

**संसदीय राजनीतिमा सँगसँगै**

रामचन्द्र पौडेल र सुवास नेम्बाङ संसदीय राजनीतिमा सँगसँगै छन् । दुवैले २०४७ पछिका आम निर्वाचनमा भाग लिँदै आएका छन् । रामचन्द्र पौडेल २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७९ सालको चुनावमा तनहुँबाट निर्वाचित भए भने ०७४ सालमा पराजित भएका थिए ।

सुवास नेम्बाङ २०४८ देखि २०५२ सालसम्म राष्ट्रिय सभा सदस्य थिए । २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा इलामबाट निर्वाचित भए । ०५६ सालमा प्रतिनिधिसभा सदस्यको चुनाव जिते पछि उनले प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको सभापतिको जिम्मेवारी निर्वाह गरे । संसदीय गतिविधिलाई खुला गर्नुपर्छ भन्दै उनले लेखा समितिमा पत्रकारहरुलाई रिपोर्टिङका लागि खुला गरेका थिए ।

दुवै नेताले राजनीतिक जीवन सुरुवात गर्दा मुलुक प्रजातन्त्रका लागि संघर्षरत थियो । रामचन्द्र पौडेल २०१५ सालदेखि नेपाली कांग्रेसमा आवद्ध भएका हुन् । त्यसबेला मुलुक प्रजातन्त्रलाई संस्थागत गर्ने कसरतमा थियो । २००७ सालमा प्राप्त प्रजातन्त्रलाई संस्थागत गर्न २०१५ सालमा आम चुनाव भएको थियो । तर, २०१७ सालमा जननिर्वाचित संसदलाई भंग गरेर तत्कालीन राजा महेन्द्रले शासनसत्ता हातमा लिएर पञ्चायती व्यवस्था सुरु गरे ।

प्रजातन्त्रलाई संस्थगत गर्न खोज्दा खोज्दै खोसिएको राजनीतिक अवस्थाबाट राजनीतिक जीवन सुरुवात गरेका रामचन्द्र पौडेलले प्रजातन्त्र पुनर्प्राप्तीका लागि जीवनभर संघर्ष गरे ।

राष्ट्रपतिको उम्मेदवार भएपछि उनले पत्रकारहरुसित भनेका छन्, 'प्रजातन्त्रका लागि ७० वर्ष लड्नुपऱ्यो । ७० वर्षसम्म लडेर ल्याएको संविधान, संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्रले नेपाली जनतामा जुन अभुतपूर्व अधिकार प्रदान गरेको छ । त्यसको रक्षा गर्नको निम्ति आएको छु ।'

फेरि पनि प्रजातन्त्रलाई खोस्ने र व्यवस्थामाथि खेलवाड गर्ने स्वार्थी प्रयासबाट सबै नेपाली सजग हुनुपर्ने पौडेल बताउँछन् । उनको प्रतिवद्धता छ, 'संविधानको भावना र मर्म अंगाल्दै संघीय लोकतान्त्रक गणतन्त्र र समावेशी लोकतन्त्रलाई संस्थागत गर्दै संविधानको रक्षकको हैसियतले राष्ट्रपति भएर जिम्मेवारी पूरा गर्ने प्रयास र हनेछु ।'

२०२५ सालमा बीपी कोइराला सुन्दरीजल जेलबाट रिहा भएपछि रामचन्द्र पौडेललाई भेट्न सेन्टर जेल गएका थिए। त्यहाँ नै बीपीसँग पौडेलको पहिलो भेट भएको थियो । त्यस बखतमा बीपीले पौडेलसँगै रहेका कम्युनिस्ट नेताहरु मनमोहन अधिकारी तथा शम्भुराम श्रेष्ठलाई पनि भेटेका थिए ।

अर्थात, पञ्चायती शासन व्यवस्थाका विरुद्ध कांग्रेसले कम्युनिस्टसँग समेत सहकार्यको हात बढाउँदै गर्दा सुवास नेम्बाङ पनि राजनीतिमा होमिएका हुन् । स्नातक अध्ययनका क्रममा २०२८ सालबाट राजनीतिमा होमिएका हुन् सुवास नेम्बाङ ।

पञ्चायती व्यवस्थाका विरुद्ध आफूलाई उभ्याएका कारण २०३३ सालमा नेम्बाङ राजकाज मुद्दामा केन्द्रीय कारागारमा थुनामा परे। थुनामा रहँदा कम्युनिस्ट पार्टी कोअर्डिनेनेशन केन्द्रमा संगठित भएका थिए नेम्बाङ । ०४८ देखि लगातार सांसद छन् ।

रामचन्द्र पौडेल पनि प्रजातन्त्रका लागि आवाज उठाउँदा पटक पटक जेल परे । पहिलो पटक २०१८ को भरतपुर काण्डको विरोधमा उत्रदा गिरफ्तार भई जेल परे । २०३४ सालमै कांग्रेसको केन्द्रीय सदस्य भएका उनी राजनीतिक जीवनमा २०१८ देखि २०६२ सम्ममको अवधिमा पटक पटक गरी १४ वर्ष जेलमा बन्दी जीवन बिताए ।

'रामचन्द्रका १४ वर्ष वनबास' भनेर राजनीतिमा चर्चित पनि छ । २०४७ पछिका आमनिर्वाचनमा ६ पटक प्रतिनिधि सभा सदस्य निर्वाचित भएका पौडेल सभामुखका अलावा पटक-पटक मन्त्री भएका छन् । स्थानीय विकास, कृषि तथा सहकारी, गृह, सञ्चार, जलस्रोत, शिक्षा र शान्ति पुनः निर्माण मन्त्रालयको जिम्मेवारी सम्हालेका पौडेल पटक पटक उपप्रधानमन्त्री पनि भए ।

पौडेलका प्रजातान्त्रिक समाजवाद, आस्थाको यात्रा, कृषि क्रान्ति र समाजवाद, राजनीतिको मार्ग, नेपाली कांग्रेस रूपान्तरणको मार्गलगायत दर्जन पुस्तक र विभिन्न विषयमा नेपाल पत्रपत्रिका र अनलाइन सञ्चार माध्यममा समसायियक लेख प्रकाशित छन् ।

**पार्टीमा दुवै मध्यमार्गी**

आ-आफ्नो पार्टीमा रामचन्द्र पौडेल र सुवास नेम्बाङको समान परिचय छ - मध्यमार्गी नेता ।

कांग्रेसभित्र सधैं मध्यमार्गी नेताका रुपमा परिचित पौडेल तत्कालीन अवस्थामा द्वन्द्वरत नेकपा माओवादीलाई मूल प्रवाहको राजनीतिमा ल्याउने क्रममा वार्ता र सहमतिका काममा अग्रणी मध्यमार्गी भूमिका खेलेका थिए । १२ बुँदे सहमति र विस्तृत शान्ति सम्झौताका मस्यौदाकार सहमति र सहकार्यका पक्षपाती पनि हुन् ।

गत ४ मंसिरको आम निर्वाचनपछि नेपाली कांग्रेस र माओवादी मिलेर सरकार बनाउनुपर्छ भन्दै आएका पौडेलले एमाले र माओवादीबीच प्रधानमन्त्री आधा आधा कार्यकाल र राष्ट्रपति एमालेले पूरै कार्यकाल लिने गरी २०७९ पुस १० गते सहमति भएपछि 'प्रचण्डबाट कांग्रेसलाई नभई, कांग्रेसले प्रचण्डलाई धोका दिएको' भनेर सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

त्यही दिनदेखि बिथोलालिएको चुनाव अगाडिको गठबन्धन ब्यूँताउँदै पौडेल आफैं राष्ट्रपतिका उम्मेदवार बनेका छन् ।

सुवास नेम्बाङ पनि एमालेका मध्यमार्गी नेता हुन् । खासगरी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) विवादमा नेम्बाङले मध्यमार्गी भूमिका खेलेका थिए । नेम्बाङले अहिले पनि कम्युनिस्ट पार्टीहरु विभाजित हुन नहुने मत राख्छन् । नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले नै नेकपा एकता भंग गरिदिएपछि एमाले र माओवादी केन्द्र ब्यूँतिए । त्यसपछि एमालेमा भएको विवादमा पनि नेम्बाङले मध्यमार्गमा रहेर अग्रणी भूमिका खेले ।

परिणाममा घनश्याम भूसाल, भीम रावल, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट, योगेश भट्टराई, रघुजी पन्त लगायतका नेताहरु एमाले फुटेर नेकपा एकीकृत समाजवादी बन्दा एमालेकै रहेको भनी एमालेमा उनको प्रशंसा हुने गर्दछ । तर, यसबीचमा घनश्याम भूसाल भने एकीकृत समाजवादी प्रवेश गरिसकेका छन् ।

विगतको नेकपा ब्यूँताउनुपर्ने प्रयास र मागमा सकारात्मक रहँदै आएका नेम्बाङले आफूलाई राष्ट्रपतिको उम्मेदवार बनाउने भए केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड मिल्नुपर्ने मत राख्दै आएका थिए । यस विषयमा एमाले अध्यक्ष ओलीले समयमै निर्णय दिएनन् ।




# जनकपुरमा नेपाल–भारतका सुरक्षा अधिकारीहरुको संयुक्त बैठक सम्पन्न

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, जनकपुर**

नेपाल भारत सिमा सुरक्षा समन्वय समितिको बैठक जनकपुरधाममा सम्पन्न भएको छ।

सीमा सुरक्षा, सीमा अतिक्रमण नियन्त्रण, लागु औषध ओसार पोसार नियन्त्रण गर्ने लगायतका निर्णय गर्दै नेपाल र भारतका सुरक्षा अधिकारीहरुको संयुक्त बैठक सम्पन्न भएको हो।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले नेपाल भारतको सीमा क्षेत्रमा रहेको सिमा स्तम्भलाई अनुगन गरेर मर्मत सम्भार गर्नुपर्ने आवश्यक देखिएको बैठकमा बताएका थिए।

यसका साथै बैठकमा लागु औषध दुर्व्यसन तथा लागुऔषध कारोबार नियन्त्रण गर्न सूचना आदान प्रदान गर्ने सहमति भएको उनले बताए।

बिहारमा रक्सी प्रतिबन्ध रहेकाले नेपाल तर्फ रहेका रक्सी पसलहरुको अनगुमन गर्न तथा आपराधिक चरित्रका व्यक्तिको आवतजावतमा कडाई गर्न आफूहरुले नेपाली पक्षलाई आग्रह गरेको भारत मधुवनीका डिएम अरविन्दकुमार वर्माले बताए।

बैठकमा नेपालको तर्फबाट धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दहालले नेतृत्व गरेका थिए भने भारत तर्फबाट मधुवनी जिल्लाका डिएम अरविन्दकुमार वर्माले गरेका थिए।

बैठकमा सप्तरी, सिरहा, धनुषा र महोत्तरीका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरीका प्रमुख, सशस्त्र प्रहरीका प्रमुख, राष्ट्रिय अनुसनधान विभागका प्रमुखको उपस्थिति रहेको थियो।

त्यसैगरी भारतबाट मधुवनी जिल्लाका डिएमसहित सुरक्षाकर्मीहरुको उपस्थिति रहेको थियो।

# बर्दिबास उद्योग बाणिज्य संघको आयोजनामा चौथो बर्दिबास महोत्सव हुने




**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, बर्दिवास**

महोत्तरीको बर्दिवासमा चौथो पटक महोत्सव लाग्ने भएको छ ।

आगामी चैत ३ गतेदेखि चौथो बर्दिबास महोत्सव सुरु हुन लागेको बर्दिबास उद्योग वाणिज्य संघले जनाएको छ ।

बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णुवहादुर खड्काले भने, 'उद्योग व्यापार र कलाको विकास गरौं, साहित्य संस्कृतिको संरक्षण गर्दै प्रबर्द्धन गरौं' भन्ने भावका साथ चौथो पटक महोत्सव आयोजना गर्न लागिएको हो।'

उनका अनुसार चैत ३ गतेबाट सुरु हुने महोत्सव चैत १३ गतेसम्म चल्ने छ ।

महोत्सवको उद्देश्य यश प्रकार छन:

१। नगर भित्रको धार्मिक एवं पर्यटकीय क्षेत्रहरुको ऐतिहासिक महत्व बारे महोत्सवको माध्यमवाट प्रचार प्रसार गरी नगर क्षेत्रको ऐतिहासिक पर्यटन प्रवर्धन गर्ने ।

२। नगरभित्रका साना उधमिहरुको उत्पादन र उधमशीलताको प्रचार प्रसार गरि व्यापार प्रवर्द्धन र लगानी गर्न प्रोत्साहित गर्ने ।३. नगरको कृषि तथा पशु क्षेत्रका स्थरीय उत्पादनाहरुको बजार व्यवस्थापन गरि उपभोक्ताहरुमा प्रचारप्रसार गर्ने ।

४. आन्तरिक उत्पादनहरु लाई प्रोत्साहन गर्ने ।

५. बर्दिवासमा लगानीमैत्री वातावरणको सिर्जना गर्ने ।

महोत्सवको लक्ष्य :

११ दिनसम्म चल्ने बर्दिवास महोत्सव २०७९, महोत्तरीको मुख्य लक्ष्य कृषि, उद्योग, पर्यटन र व्यवसायमा लगानी अभिवृद्धि गरी सम्बद्ध र समुन्नत बर्दिबास निमार्ण गर्ने ।










# तातो तेलमा लड्दा एक महिला घाइते



**महोत्तरी** / परिक्रमाका एक सहभागी महिला तातो तेलमा लड्दा घाइते भएकि छिन्।

महोत्तरी गाउपालिका ३ मड़ई स्थित परिक्रमा मेला मा किशोरी जी को डोला दर्शन गर्न गएका परिक्रमाबासी धनुषा जिल्लाको कमला नगरपालिका स्थित माटी मंगराहा निवासी करीब ४० वर्षिय सीता देवी मण्डल जेरी बनाउदै गरेको कराही मा तातो तेलमा लड़न गईं घाइते भएकी हुन् ।

उनलाई प्रादेशिक अस्पताल जलेश्वरमा उपचारको लागि ल्याइएको छ । करीब १५ प्रतिशत भाग तातोमा पोलेको चिकित्सकले जनाएको छ।

बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।
गौशाला नगरपालिका कार्यालय
महोत्तरी

बालबालिकाहरूलाई अनिवार्य विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
गौशाला नगरपालिका कार्यालय
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा